# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक २०२ | काठमाडौं | बुधबार, ७ मंसिर २०७९ | Prabhab National Daily | Wednesday, November 23, 2022 | www.prabhabonline.com | पृष्ठ १२ | मूल्य रु. ५।-


## संघमा चुनिए ११ सांसद

■ प्रभाव संवाददाता

**काठमाडौं-** प्रतिनिधिसभातर्फ ११ क्षेत्रको अन्तिम परिणाम सार्वजनिक हुँदा सत्ता नेतृत्व दल नेपाली कांग्रेसका सर्वाधिक सात उम्मेदवारले चुनाव जितेका छन् ।

- कांग्रेसबाट सात, एमालेबाट तीन र नागरिक उन्मुक्ति पार्टीबाट एक जना निर्वाचित
- माओवादी, रास्वपा, एकीकृत समाजवादी, जसपा, राप्रपा र लोसपाले खाता खोल्न बाँकी

काठमाडौं-१ मा प्रकाशमान सिंह, काठमाडौं-३ मा सन्तोष चालिसे, काठमाडौं-४ मा गगनकुमार थापा, काठमाडौं-५ मा प्रदीप पौडेल र रसुवाबाट मोहन आचार्य निर्वाचित भएका छन् । यसअघि सोमबार मुस्ताङबाट योगेश गौचन थकाली र मनाङबाट टेकप्रसाद गुरुङ निर्वाचित भएका थिए ।

समाचार तयार पार्दासम्म काठमाडौं १० मा राजेन्द्र केसी, झापा-१ मा विश्वप्रकाश शर्मालगायत नेताहरू जित नजिक छन् । मत गणना भइरहेका क्षेत्रहरूमा पनि कांग्रेसका ४५ जना उम्मेदवारहरूले लगातार अग्रता लिइरहेका छन् । २०७४ मा भएको प्रतिनिधिसभामा प्रत्यक्षतर्फ २३ सिटमा खुम्चिएको कांग्रेस यसपटक पहिलो दल बन्ने देखिएको छ ।

दोस्रो हुने देखिएको दल एमालेका उम्मेदवारहरूले तीन ठाउँमा चुनाव जितेका छन् । काठमाडौं-९ मा कृष्णगोपाल श्रेष्ठ, ललितपुर-२ मा प्रेमबहादुर महर्जन र उदयपुर-१ मा अम्बरबहादुर रायमाझी निर्वाचित भएका छन् । केही चुनाव क्षेत्रमा एमाले उम्मेदवारहरू पनि जित नजिक छन् । ४३ चुनाव क्षेत्रमा उक्त दलका उम्मेदवारहरूको अग्रता छ । जारी मत गणनाको परिणामलाई आधार मान्दा एमालेले २०७४ मा जति सिट नजित्ने देखिएको छ । त्यसबेला एमालेले प्रत्यक्षतर्फ ८० सिट जितेको थियो ।

नयाँ दल नागरिक उन्मुक्ति पार्टीले कैलाली-३ मा चुनाव जित्दै खाता खोलेको छ । त्यहाँबाट गंगाराम चौधरी निर्वाचित भएका छन् । कैलाली-१ मा पनि सोही पार्टीकी अध्यक्षसमेत रहेकी उम्मेदवार रञ्जिता श्रेष्ठ (**बाँकी पृष्ठ ६ मा**)



# सत्ताको चाबी रविसँग

माओवादी केन्द्रलाई पन्छाउँदै रास्वपा तेस्रो शक्ति हुने स्थितिमा ।
गठबन्धनको सरकार बन्ने हुँदा रवि प्रधानमन्त्री बन्न सक्ने सम्भावना ।

**रास्वपाको अग्रता**

रवि लामिछाने - चितवन २
हरि ढकाल - चितवन १
सोविता गौतम - काठमाडौं २
शिशिर खनाल - काठमाडौं ६
गणेश पराजुली - काठमाडौं ७
विराजभक्त श्रेष्ठ - काठमाडौं ८
तोसिमा कार्की - ललितपुर ३
लालविक्रम थापा - सुनसरी २
समानुपातकतर्फ प्राप्त मत - ६७,६९८

*(मंगलबार राति ११ बजेसम्मको तथ्यांक)*

■ जेबी योञ्जन

**काठमाडौं-** सत्ताको 'चाबी'सहित रवि लामिछाने नेतृत्वको दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को संघीय संसद्मा प्रवेश हुने भएको छ । जारी मत गणनाको परिणामले नेकपा माओवादी केन्द्रलाई उछिन्दै सरकार गठनमा निर्णायक दल बन्नेगरी तेस्रो शक्तिको रूपमा रास्वपा उदाउने निश्चित देखिएको हो ।

रास्वपाले काठमाडौंमा चार, ललितपुरमा एक, चितवनमा दुई र सुनसरीमा एक गरी आठ स्थानमा अग्रता लिइरहेको छ । अन्य क्षेत्रमा पनि उक्त पार्टीका उम्मेदवारहरूले चुनौती दिइरहेका छन् । समानुपातिकतर्फ पनि तेस्रो बढी मत पाउने देखिएको छ । अग्रता लिइरहेका स्थानमा जिते र समानुपातिकमा यही अनुपातमा मत पाउने क्रम निरन्तर रहे रास्वपा आगामी संसद्मा तेस्रो शक्ति बन्ने निश्चित देखिएको हो ।

चितवन-३ बाट चुनाव जितेको अवस्थामा प्रधानमन्त्री हुने सम्भावना उनको रहने विश्लेषण हुँदै आएको छ । यसअघि चुनावी सभाहरूमा उनले समर्थकहरूलाई सम्बोधन गर्ने क्रममा चुनावपछि देश हाँक्ने जिम्मा लिने पनि बताएका थिए । नभन्दै उक्त जिम्मेवारीमा पुग्ने छाँट देखिएको हो ।

विगतमा भएको सरकार गठनको प्रवृत्तिलाई हेर्ने हो भने पनि तेस्रो शक्तिले पटक-पटक सत्ता गठन गरेको पाइन्छ । २०५१ को चुनावबाट संसद्मा तेस्रो दल बनेको राष्ट्रिय प्रजातन्त्र पार्टीबाट सूर्यबहादुर थापा र लोकेन्द्रबहादुर चन्द पटक-पटक प्रधानमन्त्री भए । त्यसबेला पहिलो दल एमाले र दोस्रो दल कांग्रेस थिए । तर, पालैपालै थापा र चन्द कहिले कांग्रेस त कहिले एमालेकै समर्थनमा प्रधानमन्त्री भएका थिए ।

पहिलो संविधानसभा चुनाव २०६४ मा तेस्रो भएका दल एमालेबाट माधवकुमार नेपाल र झलनाथ खनाल प्रधानमन्त्री भएका थिए । तत्कालीन एकीकृत नेकपा माओवादी पहिलो र कांग्रेस दोस्रो दल हुँदा नेपाल र खनाललाई प्रधानमन्त्री हुने अवसर मिलेको थयो । दोस्रो संविधानसभापछि पनि तेस्रो दलको हैसियतमा माओवादी हुँदा पुष्पकमल दाहाल प्रधानमन्त्री भएका थिए ।

यो चुनावबाट रविको दललाई सोही भूमिकामा जनताले संसद् पठाउने देखिएको हो । गत ७ फागुनमा दर्ता भएको दलले यति धेरै जनमत पाउने अड्कल ठूला दलका नेताहरूको थिएन । तर, जब मतदान भयो, तब ठूला दलका नेताहरू अत्तालिए । हुन पनि जारी मतगणनाको (**बाँकी पृष्ठ ६ मा**)

**प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन-२०७९**
**मतपरिणाम अपडेट**

| | जित | अग्रता |
|---|---|---|
| नेपाली कांग्रेस | ०७ | ४४ |
| नेकपा एमाले | ०३ | ४४ |
| माओवादी केन्द्र | ० | १६ |
| रास्वपा | ० | ०८ |
| ए. समाजवादी | ० | ०८ |
| राप्रपा | ० | ०५ |
| अन्य | १ | १० |

## 'रेड जोन'मा एमालेका प्रभावशाली नेता

■ प्रभाव संवाददाता

**काठमाडौं-** प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनको मत गणना जारी रहँदा नेकपा एमालेका प्रभावशाली नेताहरू 'रेड जोन'मा परेका छन् । संघीय सरकारका उपप्रधानमन्त्री, मन्त्री र प्रदेशको मुख्यमन्त्री भइसकेका नेताहरू यस पटकको चुनावमा पराजित हुने अवस्थामा देखिएका हुन् । रेड जोनमा परेका कतिपय नेताहरू पराजयको संघारमा पुगेका छन् ।

एमालेभित्र बलियो प्रभाव राख्ने उपप्रधानमन्त्री भइसकेका पार्टीका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखेल पराजित भइसकेका छन् । उनी काठमाडौं क्षेत्र नं. ५ मा नेपाली कांग्रेसका युवा नेता प्रदीप पौडेलसँग फराकिलो मतान्तरले पराजित भएका हुन् । यसअघि पोखेलले क्षेत्र नं. ५ बाटै विजय हासिल गर्दै आएका थिए ।

त्यस्तै उपप्रधानमन्त्री भइसकेका अर्का नेता विष्णु पौडेल पनि रेड जोनमा परेका छन् । उनी पार्टी महासचिव हुँदै हाल उपाध्यक्ष छन् । पार्टीमा बलियो पकड भएका पौडेल रूपन्देही क्षेत्र नं. २ बाट निरन्तर विजयी हुँदै आए पनि यसपटक (**बाँकी पृष्ठ २ मा**)

**सन्दर्भ : वैदेशिक रोजगार**

## साउदीमा राहदानी शिविर सञ्चालन हुने

■ प्रभाव संवाददाता

**काठमाडौं-** साउदी अरेबियाको रियादस्थित नेपाली दूतावासले रोजगारीमा रहेका नेपालीहरूको राहदानी नवीकरण आवेदन संकलन शिविर सञ्चालन गर्ने भएको छ । दूतावासले रियादबाट एक हजार किलोमिटरको दूरीमा रहेको सकाका सहरमा आगामी २ डिसेम्वर २०२२ मा उक्त शिविर सञ्चालन गर्ने भएको हो ।

दूतावासले एक सूचना जारी गर्दै फेब्रुअरी २०२२ देखि नै विद्युतीय राहदानी (ई-पासपोर्ट) जारी गर्न सुरु गरेको जानकारी दिँदै रियादभन्दा टाढा रहेका नेपालीहरूको सुविधाका लागि राहदानी आवेदन संकलन शिविर सञ्चालन गर्न लागिएको जनाएको छ ।

यसअघि पनि राजदूतावासले एमआरपी (मेसिन रिडेवल पासपोर्ट) जारी हुँदासम्म रियादभन्दा टाढा रहेका सेवाग्राहीलाई राहदानी नवीकरण सेवाका लागि विभिन्न सहरमा आवेदन संकलन शिविर सञ्चालन गर्दै आएको जनाएको छ । अब एमआरपी जारी नहुने र यसको अलवा नेपाल सरकारले विद्युतीय राहदानी (ई-पासपोर्ट) मात्रै जारी गर्ने हुँदा एक दिनमा १०० जनाभन्दा कम आवेदक हुनसक्ने स्थानमा मात्रै शिविर सञ्चालन गर्न सकिने दूतावासले उल्लेख गरेको छ ।

राजदूतावासले प्राविधिक र विद्यमान जनशक्तिका कारण दैनिक १३० जनाभन्दा बढी व्यक्तिको ई-पासपोर्ट आवेदन लिन नसकिने उल्लेख गरेको छ । विगतमा दूतावासले दमाममा सञ्चालन गरेको शिविरमा एकै दिन ४७० जनासम्मले



रियादबाट एक हजार किलोमिटरको दूरीमा रहेको सकाका सहरमा आगामी २ डिसेम्वर २०२२ मा राहदानी नवीकरण शिविर सञ्चालन गर्ने साउदीस्थित नेपाली दूतावासको तयारी

आवेदन दिँदा समस्या खेप्नुपरेको भन्दै सकाका, हायल, ओनैजा र बुरैदाभन्दा बाहेकका अन्य ठाउँमा शिविर राख्न नसकिने पनि प्रस्ट पारेको छ । यद्यपि, पूर्वी क्षेत्रमा आवेदनअनुसार बनेर आएका राहदानी वितरणको व्यवस्था मिलाइएको जनाएको छ । सकाका, अरार, तुरैफ, अल-कुरैयातलगायत सकाकाबाट नजिक पर्ने अन्य स्थानमा रहेका नेपालीहरूलाई राहदानी नवीकरण गर्नुपर्ने अवस्था भए दूतावासमा सम्पर्क गरी आफ्नो विवरण टिपाउन अनुरोध गरिएको छ ।

त्यस्तै दूतावासले यसअघि राहदानी नवीकरणका लागि अनलाइन फाराम भर्ने/प्रि-इनरोलमेन्ट गर्ने सम्बन्धमा केही त्रुटिहरू भएको भन्दै त्यसलाई सुधार गर्न सेवाग्राहीले ध्यान दिनुपर्ने उल्लेख गरेको छ । राहदानी र नागरिकताको प्रस्ट देखिने स्क्यान कपीमात्रै अपलोड गर्ने, नाम र थर प्रस्ट र शुद्ध लेख्ने, आफ्नो स्थानीय निकायको नाम र वडा नं. सही लेख्ने र विवरणमा कुनै त्रुटि हुन नदिन पनि दूतावासले आग्रह गरेको छ । अनलाइन फाराम नभरी आउने सेवाग्राहीको राहदानी नवीकरण आवेदन लिन बाध्य नहुने दूतावासले जनाएको छ ।


**केराबारी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**प्रदेश नं. १, मोरङ**

**जनहितमा जारी सन्देश**



# राजनीतिक स्थायित्व र सुशासनका लागि काम गर्छु : नेता सिंह

■ प्रभाव संवाददाता



**काठमाडौं–** काठमाडौं क्षेत्र नं १ बाट विजयी भएका नेपाली कांग्रेसका नेता प्रकाशमान सिंहले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक समावेशी संविधान कार्यान्वयनका लागि राजनीतिक स्थायित्व र सुशासन नै अहिले मुख्य एजेण्डा भएको बताएका छन् । लोकतान्त्रिक-वाम गठबन्धनका तर्फबाट उम्मेदवार बनेका उनले सात हजार १४३ मत ल्याई निर्वाचित भएका छन् । उनले निकटतम प्रतिद्वन्द्वी राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का उम्मेदवार रवीन्द्र मिश्रलाई १२५ मतान्तरले पराजित गरी प्रतिनिधिसभा सदस्यमा चौथोपटक विजयी बएका हुन् ।

निर्वाचित भएपछि काठमाडौं निर्वाचन क्षेत्र १ का मतदातालाई हार्दिक धन्यवाद दिँदै उनले यस जितले लोकतन्त्रवादीको शिर माथि उठेको बताए । लोकतन्त्रमा जनता सर्वोच्च र निर्णायक हुने र उनीहरूको मतले नै राज्य सञ्चालन हुने हुँदा यसलाई सबैले स्वीकार गर्नुपर्ने बताउँदै स्वच्छ प्रतिस्पर्धाले नै लोकतन्त्रलाई बलियो बनाउने बताए । आफ्नो सम्पूर्ण जीवन नै लोकतन्त्रका लागि गरेको समर्पण र स्वच्छ छविकै कारण यस क्षेत्रका जनताले पटक-पटक विजयी गराएका उनको भनाइ छ ।

उनले कांग्रेसले जनतालाई जसरी अधिकार दिलाउन तथा संविधान लेख्न र शान्ति प्रक्रियामा नेतृत्व गर्‍यो अब त्यसलाई कार्यान्वयन गरेर आर्थिक क्रान्ति गरी समुन्नति र सम्पन्नता हासिल गर्ने अभियानमा पनि पार्टीले नेतृत्व गर्ने दृढता व्यक्त गरे । अहिलेको अर्थतन्त्रको संकट समाधान गर्ने र लगानीमैत्री वातावरण बनाउने नयाँ सरकारको मूल दायित्व रहेको बताउँदै उनले त्यसका लागि आफूले पहल गर्ने बताए ।

उनले तीन तहका सर कारले आफ्नो हिसाबले जनतामा सेवा प्रवाह गर्न नसकेका कारण संघीयता लागू भए पनि केन्द्रीकृत एकात्मक व्यवस्था र संघीयताबीचको भिन्नताबारे मतदाताले प्रश्न गरिरहेको उल्लेख गरे । पूर्वउपप्रधानमन्त्री सिंहले भने, ‘संघीयतामा तीन तहको सरकार सक्रिय हुनुपर्नेमा अहिलेसम्म त्यो भएको छैन । त्यो नभएकै कारण मात्र एकात्मक व्यवस्था र संघीयताको फरक के हो भन्नेबारे सर्वसाधारणबाट प्रश्न भएको छ, त्यसलाई अधिकारका साथ काम गरेर देखाउन चाहन्छौं ।’

निर्वाचनको मत परिणामको प्रारम्भिक नतिजाले नेपाली कांग्रेस नै सबैभन्दा ठूलो दलको रूपमा स्थापित हुने दाबी गर्दै उनले जनतालाई आवश्यकतानुसारको सेवा र सुविधासहित देशलाई समृद्धिको बाटोमा अगाडि बढाउन पार्टी दृढ रहेको बताए । नेता सिंहले निर्वाचन घरदैलोका क्रममा मतदाताले राखेका विकास निर्माण, जनजीविकाका सवाल र राजनीतिक स्थिरताका लागि आफूले विगतमा जस्तै एक जिम्मेवार जनप्रतिनिधिको भूमिका निर्वाह गर्ने प्रतिबद्धता जनाए । विगतमा राजनीतिक अस्थिरताका कारण जनअपेक्षा पूरा गर्न नसकिएको भन्दै नेता सिंहले अब आफ्नो सम्पूर्ण ध्यान स्थायित्व कायम गर्दै जनताको जीवनयापन सरल बनाउन सक्रिय हुने बताए ।

विसं २०४६ को जनआन्दोलनका कमान्डर गणेशमान सिंह र नेपाल महिला संघकी संस्थापक अध्यक्ष मंगलादेवी सिंहका छोरा उनी सानो उमेरदेखि नै नेपाली कांग्रेसको राजनीतिमा सक्रिय रहेका थिए । २०१२ सालमा जन्मिएका उनी २०३४ सालमा नेविसंघको केन्द्रीय सदस्य बने भने २०३६ सालमा अध्यक्ष बने । २०४७ देखि निरन्तर १० वर्षसम्म नेपाली कांग्रेसको काठमाडौंको सभापति रहे भने नेपाली कांग्रेसको विभाजनपछि नेपाली कांग्रेस (प्रजातान्त्रिक)को उपसभापति बने । २०६४ मा पार्टी एकीकरणपछि २०६७ मा भएको १२औं महाधिवेसनबाट उनी महामन्त्रीमा निर्वाचित भए ।

उनले २०५३ सालमा राष्ट्रियसभा सदस्य भएर छ वर्षको कार्यकाल पूरा गरे । २०६४ सालमा भएको पहिलो संविधानसभा र त्यसपछिका तीनवटै आम निर्वाचनमा उनले काठमाडौं-१ मा क्षेत्रबाट विजय हासिल गर्दै आएका छन् । उनी सुशील कोइरालाको मन्त्रीमण्डलमा उपप्रधानमन्त्री, स्थानीय विकास तथा संघीय मामिलामन्त्री भएका थिए । पार्टी र सरकारमा रहँदा सधैं इमान्दार र निष्ठा राख्ने उनी विकासप्रेमी नेताका रूपमा चिनिन्छन् ।

## ‘रेड जोन’मा ...

पृष्ठ १ बाट जारी

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उम्मेदवार गणेश पौडेलसँग कडा प्रतिस्पर्धा गर्नु परेको छ । उनी थोरै मतले अगाडि छन् ।

यसैगरी पार्टी उपाध्यक्ष रहेका सुवास नेम्वाङ पनि रेड जोनमा नै छन् । उनी पटक-पटक मन्त्री र सभामुख भइसकेका व्यक्ति हुन् । इलामको क्षेत्र नं. २ मा नेपाली कांग्रेसका उम्मेदवार डम्बरबहादुर खड्कासँग प्रतिस्पर्धा गरिरहेका छन् । यसअघि इलामबाट चुनाव जित्दै आएका नेम्वाङ मत गणनादेखि नै पछि परेका छन् ।

यस्तै एमालेका महासचिव एव गण्डकी प्रदेशका मुख्यमन्त्री भइसकेका शंकर पोखरेल पनि सेफ जोनमा छैनन् । उनले दाङ क्षेत्र नं. २ बाट नेकपा माओवादी केन्द्रकी उम्मेदवार रेखा शर्मासँग प्रतिस्पर्धा गरिरहेका छन् । दाङको राजनीतिमा बलियो उपस्थिति जनाएका पोखरेलको शर्मासँग फराकिलो मतान्तर हुँदै गएको छ । उनी लगभग पराजयको सम्मुखमा पुगेका छन् । त्यस्तै एमालेमा युवा नेताको छवि बनाएका र राजनीतिकरूपमा छिट्टै उपलब्धि हासिल गर्न सफल प्रदेश १ को मुख्यमन्त्रीसमेत भइसकेका शेरधन राई पनि रेड जोनमा नै परेका छन् । उनी नेकपा माओवादी केन्द्रका उम्मेदवार सुदन किराँतीसँग भोजपुर क्षेत्र नं. १ मा प्रतिस्पर्धामा छन् । उनी मतगणनाको सुरुआतदेखि नै किराँतीसँग पछि परेका छन् । मत गणनाको हिसावले राईको जितमा पूर्णविराम लाग्ने देखिएको छ ।

यसैगरी पटक-पटक संघीय मन्त्री र प्रदेश १ को मुख्य मन्त्रीसमेत भइसकेका भीमप्रसाद अचार्य पनि यसपालिको निर्वाचनबाट किनारा लाग्ने देखिएको छ । सुनसरी क्षेत्र नं. २ बाट उम्मेदवार वनेका आचार्यलाई रास्वपाका उम्मेदवार लालविक्रम थापाले पछि पारेका छन् ।

यसैगरी एमालेमा आफ्नो छुट्टै पहिचान बनाएका र मन्त्रीसमेत भइसकेका पार्टी सचिव सुरेन्द्र पाण्डेले पनि आफ्नो विजय यात्रालाई निरन्तरता दिन नसक्ने देखिएको छ । यसअघि चुनाव जित्दै आएका पाण्डे यसपालि चितवन क्षेत्र नं. १ मा रास्वपाका उम्मेदवार हरी ढकालसँग पराजित हुनुपर्ने अवस्था आएको छ । मत गणनादेखि नै पछि परेका उनको मतान्तर फराकिलो हुँदै गएको छ । यसबाट पाण्डेको आगामी संसदीय यात्रमा ‘ब्रेक’ लाग्ने भएको छ । यस्तै मन्त्री तथा युवा संघ नेपालको अध्यक्ष भइसकेका महेश बस्नेत पनि यसपालिको निर्वाचनबाट पाखा लाग्ने भएका छन् । उनलाई भक्तपुर क्षेत्र नं. २ मा नेपाली कांग्रेसका उम्मेदवार दुर्लभ थापाले पछाडि पारेका छन् । मतगणनामा निरन्तर पछि पर्दै आएका बस्नेतको पराजय निश्चित जस्तै भएको छ । उनी सोही क्षेत्रबाट यसअघि निर्वाचित भएका थिए ।

एमालेको बलियो खम्बा मानिएका र मन्त्रीसमेत भइसकेका गोकुल बाँस्कोटा पनि रेड जोनमा परेका उम्मेदवार हुन् । उनी काभ्रे क्षेत्र नं. २ मा कांग्रेस उम्मेदवार शिव हुँमगाईसँग फराकिलो मतान्तरले पछि परेका छन् । काभ्रे २ लाई आफ्नो बलियो जनाधार भएको दाबी गर्ने बाँस्कोटाको संसदीय यात्रालाई हुँमागाईले रोक्ने देखिएको छ । यस्तै, पार्टी सचिव तथा पूर्वमन्त्री योगश भट्टराई पनि सुरुआती मत गणनाबाटै पछि परेका छन् । ताप्लेजुङ क्षेत्र नं १ बाट उम्मेदवारी दिएका भट्टराईले भन्दा नेकपा माओवादी केन्द्रका उम्मेदवार खेलप्रसाद बुढाक्षेत्रीले अग्रता लिइरहेका छन् । यसअघि ताप्लेजुङबाटै निर्वाचित उनी अहिले रेड जोनमा परेका छन् ।

त्यसैगरी पार्टीमा र आफ्नो निर्वाचन क्षेत्रमा विरासत जोगाउन राजनीतिमा होमिएकी विद्या भट्टराई पनि रेड जोनमा परेकी छन् । एमालेको पकड क्षेत्र रहेको र आफ्ना स्व. पति रविन्द्र अधिकारीको उत्तराधिकारीको रूपमा राजनीतिमा उदाएकी उनलाई निर्वाचन जित निकाल्न कठिन देखिएको छ । भट्टराईले उम्मेदवारी दिएको कास्की क्षेत्र नं. २ मा रास्वपाका उम्मेदवार माधव कंडेलसँग कडा प्रतिस्पर्धा व्यहोर्नुपरेको छ । यसैगरी पार्टी मुख्य सचेतक भइसकेका विशाल भट्टराई पनि रेड जोनमा नै परेका छन् । उनी खोटाङ क्षेत्र नं. १ मा नेकपा माओवादी केन्द्रका उम्मेदवार रामकुमार राईभन्दा पछाडि छन् ।

# श्रेष्ठ चौथो पटक प्रतिनिधिसभामा प्रवेश

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेकपा एमालेका नेता कृष्णगोपाल श्रेष्ठ प्रतिनिधिसभा सदस्यका रूपमा चौथोपटक संघीय संसद्मा प्रवेश गर्दै छन् । मुलुकमा लोकतन्त्र स्थापनाका लागि भएका आन्दोलनमा सशक्त भूमिका खेलेका श्रेष्ठ यसपटक एमालेका तर्फबाट काठमाडौं निर्वाचन क्षेत्र नं ९ बाट विजयी भएका हुन् ।

यसअघि उनी २०४८ सालमा काठमाडौं निर्वाचन क्षेत्र नं ५, २०५१ को मध्यावधिमा काठमाडौं निर्वाचन क्षेत्र नं ७ तथा २०७४ मा काठमाडौं क्षेत्र नं ९ बाटै प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका थिए । काठमाडौं महानगरपालिका-१४ बल्खु स्थायी ठेगाना रहेका श्रेष्ठको २०१५ असोज १४ गते पिता हरिलाल श्रेष्ठ र माता हरिमाया श्रेष्ठका कोखबाट जन्म भएको हो ।

अर्थशास्त्रमा स्नाकोत्तर तह श्रेष्ठले २०५९ देखि २०६० मा स्थानीय विकास राज्यमन्त्री तथा २०७७ देखि २०७८ सम्म सहरी विकास र शिक्षामन्त्रीको जिम्मेवारी सम्हाल्ने अवसर प्राप्त गरेका थिए । एमाले पार्टी कार्यालयको मुख्यसचिवका रूपमासमेत उनले जिम्मेवारी सम्हालिसकेका छन् ।

तत्कालीन नेकपा (माले) विद्यार्थी संगठनको क्याम्पस कमिटी अध्यक्षबाट राजनीतिमा प्रवेश गरेका श्रेष्ठ अनेरास्ववियूको त्रिवि कमिटी अध्यक्ष हुँदै २०४७ मा अखिल नेपाल किसान संघको सचिव भए । २०४९ मा राष्ट्रिय परिषद् सदस्य तथा २०४९ देखि २०७५ सम्म पार्टी केन्द्रीय सदस्य रहेका श्रेष्ठ हाल पोलिट ब्यूरो सदस्य छन् । विद्यार्थी जीवनदेखि नै प्रगतिशील राजनीतिमा सक्रिय श्रेष्ठ पुष्पलाल स्मृति प्रतिष्ठान र मदन भण्डारी स्मृति प्रतिष्ठानसँग आबद्ध छन् । उनकी धर्मपत्नी बिना पनि राजनीतिमै छिन् ।

यसअघि उनी राज्यव्यवस्था तथा सुशासन समिति सदस्यका रूपमा थिए । उनले २०३४ देखि २०४७ सम्म पटक-पटक गरी दुई वर्ष भूमिगत र प्रहरी हिरासत जीवन बिताएका छन् ।

‘मतदाताले दिएको जिम्मेवारीलाई कुशलतापूर्वक पूरा गर्छु’

नवनिर्वाचित सांसद श्रेष्ठले मतदाताले दिएको जिम्मेवारीलाई पाँच वर्षसम्म कुशलतापूर्वक सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । काठमाडौं क्षेत्र नं ९ बाट विजयी भएपछि प्रतिक्रिया दिँदै उनले भने, ‘मतदाताले दिएको जिम्मेवारीलाई पाँच वर्षसम्ममा कुशलतापूर्वक पूरा गर्न प्रतिबद्ध छु, जनताको हरेक समस्यालाई सम्बोधन गर्न जुट्नेछु, जनताको सल्लाहमा अघि बढ्नेछु ।’

नवनिर्वाचित जनप्रतिनिधि श्रेष्ठले आफ्ना निर्वाचन क्षेत्रका चालु योजना स्वाभाविकरूपले अगाडि बढाउने उल्लेख गर्दै भने, ‘अधुरा र अपूरा योजनालाई पनि पूरा गर्दै जान्छु, संघ, प्रदेश र स्थानीय सरकारसँग परामर्श गरेर आवश्यकतानुसारको नयाँ-नयाँ योजना तर्जुमा गरी अगाडि बढ्छु ।’ उनीले निर्वाचनमा सहयोग गर्ने पार्टीका नेता कार्यकर्तालगायत मतदातालाई धन्यवाद व्यक्त गरे ।


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : EHH FOOD INDUSTRY SDN BHD

पूर्व स्वीकृति मिति : २०७९/०८/०६ LT. No.275807 चलानी नं. ६०१९१७०१

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Factory Worker (Manufacturing Sec.) | 60 | 0 | 1500 | ४२,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर १४ गते (30th Nov. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

GREEN LIGHT OVERSEAS PVT. LTD
श्रम ईजाजत नं. 1365/074/75
Basundhara-3, Kathmandu Tel : +977-1-5905757, 5905758
Email:info@green-lightgroup.com, Web:green-lightgroup.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : PRACTECH TECHNOLOGY SB

पूर्व स्वीकृति मिति २०७९/०८/०६ LT. No. 276087 चलानी नं. ६०१९१७११

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४२,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर १४ गते (30th Nov. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Simrik Overseas Pvt. Ltd.
श्रम ईजाजत नं. २२३/०५८/०५९
Sinamangal-9, K.T.M Nepal, Tel: +977- 01-4475336, 01-4475337, 985-1227788, 9840747493, 9841456927



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RAHI W WAFI RESTAURANT FOR KUWAITI FOODS.

पूर्व स्वीकृति मिति २०७८/०९/०८ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०८/०६ LT No.253731 चलानी नं. ६०१७११३८

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | KD | ने.रू. | | | | | | | |
| 1 | Restaurant Worker | 4 | 0 | 100 | ४२,३४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cook | 1 | 0 | 150 | ६३,५१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर १४ गते (30th Nov. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Dubai Overseas International Pvt. Ltd.
श्रम ईजाजत नं. ७५१/०६४/०६५
Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351
Fax No: +977-4383351, Mobile: 984562103, Email Id: dubaioverseas2016@gmail.com



## ZERO COST RECRUITMENT Opportunity For Qatar!!
## शुन्य लागत अन्तर्गत कतारमा वैदेशिक रोजगारको अवसर ।

कम्पनी : IDEAL SCOPE PLAYGROUND SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०८/०५ LT. No. 275286 चलानी नं. ६०१९१६१८

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | General Worker | 12 | 0 | 1500 | ४२,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर १४ गते (30th Nov. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

SWIFT H.R. SOLUTION PVT. LTD.
श्रम ईजाजत नं. ११९७/०७३/०७४
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com



## Croatiaमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SKILLED LABOR D.O.O.

पूर्व स्वीकृति मिति २०७८/११/११ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०८/०६ LT. No. 258297 चलानी नं.६०१७४९

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | EUR | ने.रू. | | | | | | | |
| 1 | Agriculture Workers | 15 | 15 | 500 | ६६,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Butcher | 20 | 0 | 550 | ७२,५२५ | | | | | | | |
| 3 | Construction Worker | 15 | 0 | 550 | ७२,५२५ | | | | | | | |
| 4 | Cook | 15 | 15 | 650 | ८८,०७५ | | | | | | | |
| 5 | Electrician | 15 | 0 | 700 | ९५,८५० | | | | | | | |
| 6 | Factory Worker | 20 | 20 | 550 | ७२,५२५ | | | | | | | |
| 7 | Farmer | 10 | 0 | 550 | ७२,५२५ | | | | | | | |
| 8 | Housekeeping | 15 | 10 | 550 | ७२,५१५ | | | | | | | |
| 9 | Mason | 15 | 0 | 700 | ९५,८५० | | | | | | | |
| 10 | Painter | 10 | 0 | 650 | ८८,०७५ | | | | | | | |
| 11 | Sewing Worker | 20 | 5 | 550 | ७२,५२५ | | | | | | | |
| 12 | Shuttering Carpenters | 15 | 0 | 700 | ९५,८७० | | | | | | | |
| 13 | Steel Fixer | 20 | 0 | 700 | ९५,८७० | | | | | | | |
| 14 | Stone Mason | 10 | 0 | 700 | ९५,८७० | | | | | | | |
| 15 | Tile Mason | 15 | 0 | 700 | ९५,८७० | | | | | | | |
| 16 | Warehouse Worker | 15 | 1 | 550 | ७२,५१५ | | | | | | | |
| 17 | Welders | 5 | 0 | 800 | १,०८,४०० | | | | | | | |

नोट: यसै कम्पनीको लागि धेरैको संख्यामा (Steel Fixer र Shuttering Carpenter को पनि माग भई आएकोले ईच्छुक व्यक्तिहरुले तल उल्लेखित समयमा interview मा सहभागी हुनुहोला।

प्रि- अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर ९/१० गते (25/26 Nov. 2022) मा हुनेछ ।
पोखरा (HOTEL LAKESIDE RETREAT): २०७९ मंसिर ११/१२ गते (27/28 Nov. 2022) मा हुनेछ ।
सुनसरी, ईटहरी -(PATHIBHARA HOTEL): २०७९ मंसिर १३/१४ गते (29/30 Nov. 2022) मा हुनेछ ।

फाईनल अन्तरवार्ता हुने स्थान: पोखरा (HOTEL LAKESIDE RETREAT): २०७९ मंसिर १४ गते (30 Nov. 2022) मा हुनेछ ।
सुनसरी, ईटहरी -(PATHIBHARA HOTEL): २०७९ मंसिर १५ गते (1st Dec. 2022) मा हुनेछ ।

CONTACT DETAILS: KTM : 9851142801, 9823694252,9867130740 ITAHARI : 9852046497/9808056550

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: ७०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Richhood Overseas Inc. Pvt. Ltd.
Govt. License 539/061/062
Basundhara, Kathmandu, Nepal, Tel: +977-1-4382899, 4982899 Phone No: 9851191208, 9845473766,
Email: richhood@wlink.com.np Website: www.richhoodoverseas.com

# भोकभोकै परिणामको पखाइ



■ शंकर श्रेष्ठ

**मलेखु–** 'के हुँदै छ सर ? कसले जित्यो ? कति भोट गनियो सर ? अहिले को अगाडि छ ?' मतगणना केन्द्रबाट बाहिर देखापर्ने जो कोहीलाई बाहिरबाट सोधिने गरेको प्रश्न यही हो ।

मत गणनास्थलबाट बाहिर जो देखापर्छ, 'आयो ! आयो !!' भन्ने हर्षित आवाज ठूलै स्वरमा सुनिन्छ, दर्शौं प्रश्नहरू तेर्सिन थाल्छन् । भित्र भइरहेको मतगणनाको परिणाम सुन्न आतुर दलका समर्थकलाई भोक र निन्द्राको भन्दा मत परिणामको चिन्ता छ । रुविभ्याली गाउँपालिकाको मतगणना केन्द्रबाहिर परिणाम कुरेर बसेका समिर गुरुङ भन्छन्, 'भोट त हालियो, जित्ला कि नजित्ला सुन्न हतार छ । जित्छ कि भनेर कुरिरहेको छु ।'

मतगणनास्थल बाहिर करिब २०० जनाले घेरेर बसेका छन् । झार्लाङ, सत्यदेवी, दार्खादेखि परिणाम थाहा पाउन यहाँ आएका छन् । युवायुवती र वृद्धवृद्धा सबैको सहभागिता उत्साहजनक छ । सोमबार दिउँसो मतगणना सुरु भएदेखि नै कुरिरहेका छन्, नीलकण्ठ-१२ का हरि लम्साल पनि । अघिल्लो चुनावको मतगणनाभन्दा यसपटक उनलाई छुट्टै उत्सुकता छ । लम्साल भन्छन्, 'भित्र मतगणना भइरहेको छ, मत परिणाम सुन्न यही बसिरहेको छु ।' सबैको हारजित सुनेर मात्रै अरु काममा लाग्ने लम्सालले सुनाए ।

रुवि भ्यालीका दिलबहादुर घलेले भोट खसालेको यो पहिलोपटक हो । २०७० र २०७४ मा भोट हाल्न पाएका थिएनन् । त्यत्ति चासो पनि उनलाई लागेन । अहिले चिनेकै मान्छे प्रदेशसभाको उम्मेदवार भएकाले सोमबारदेखि गणनास्थल आसपासमै खाने बस्ने गर्दै परिणाम कुरिरहेका छन् । निर्वाचन अधिकृतको कार्यालयले एक हजार ५०० मत गनेपछि सार्वजनिक गर्छ । एक पटक सुनेपछि अर्कोपटक सुन्न करिब दुई घण्टा कुर्नुपर्छ । 'तै पनि यो ठाउँ छोडेर अन्त जानै मन छैन,' घलेले भने ।

मत गणना भइरहेका स्थानमा स्पिकर छ । गणनास्थलका कर्मचारीले त्यसैबाट परिणाम सुनाउँछन् । परै बसेर पनि सजिलै सुन्ने व्यवस्था मिलाइएको छ । बसेरीका खड्गबहादुर अधिकारी भन्छन्, 'मतगणना सुरु भयो, कसैले छोडेकै छैनन्,' उनले भने, 'मतपेटिका आइपुगेदेखि भोकभोकै पनि नतिजा सुन्न बसेका छन् । हातहातमा मोबाइल भए पनि आफैंले सुनेको जस्तो विश्वास नभएकाले गणनास्थलमै कुरेर बसेका छौं ।'

सदरमुकाम धादिङबेसीस्थित जिल्ला समन्वय समितिको भवनमा मत गणना भइरहेको छ । मतगणनास्थलमा पनि परिणाम कुर्नेको उत्साह उस्तै छ । नीलकण्ठ नगरपालिका-८ का सरोज कोइरालालाई पनि पहिलेको चुनावको भन्दा अहिलेको चुनाव बेस्सरी लागेको छ । काठमाडौंमा सञ्चालन गर्दै आएको व्यवसाय नै छोडेर जिल्ला समन्वय समितिको अगाडि मतपरिणाम कुरेर बसेका उनी भन्छन्, 'मैले भोट दिएको मान्छेले पाएको मत परिणामको नतिजा कस्तो आइरहेको छ भनेर सुन्न बसिरहेको छु ।'

रुविभ्यालीका दिलबहादुर र बसेरीका खड्गबहादुर जस्तै हरेक मत गणना भइरहेको स्थलमा १०० देखि ३०० हुन्छन् । उनीहरू प्रायः आफ्ना समर्थक र आफूले मतदान गरेको उम्मेदवारले पाएको मत सुन्न चासोका साथ गणनास्थलमा पुगेरै परिणाम सुन्न लालाहित भएका हुन् । *रासस*

# गाउँपालिका अध्यक्षमा हारेका सिंह प्रदेशसभामा विजयी



**राजविराज (प्रस)–** गत वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा तिलाठी-कोइलाडी गाउँपालिकाको अध्यक्ष पदमा पराजित सतिशकुमार सिंह प्रदेशसभामा निर्वाचित भएका छन् । सप्तरी निर्वाचन क्षेत्र नं २ प्रदेशसभा १ को सदस्यमा उनी निर्वाचित भएका हुन् । जनमत पार्टीबाट उम्मेदवार भएका सिंहले १६ हजार ७३४ मत प्राप्त गरे ।

गत स्थानीय तहको निर्वाचनमा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का उम्मेदवार सिंहलाई नेपाली कांग्रेसका अरुण मण्डलले पराजित गरेका थिए । गाउँपालिका अध्यक्षमा पराजित भएपछि उनी लोसपा परित्याग गरी जनमत पार्टीमा प्रवेश गरेका थिए ।

उनका निकटतम प्रतिद्वन्द्वी जसपाका उम्मेदवार शैलेन्द्र साहले आठ हजार २९२ मत पाए । साह मधेस प्रदेश सरकारको अर्थमन्त्री थिए ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : QWAT AL ASIMA FOR INDUSTRIAL COMPANY ONE PERSON COMPANY

पूर्व स्वीकृति मिति २०७८/०८/१० | पुन विज्ञापन स्वीकृति मिति : २०७९/०८/०६ | LT. No. 251934 | चलानी नं. ६०१६८८१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Normal Factor | 25 | 0 | 1000 | ३४,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

फाईनल अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर १८ गते (4th Dec. 2022) मा हुनेछ ।

कम्पनी : QWAT AL ASIMA FOR INDUSTRIAL COMPANY ONE PERSON COMPANY

पूर्व स्वीकृति मिति २०७८/०८/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/०८/०६ | LT. No. 253051 | चलानी नं. ६०१६९९१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Windows Cleaner | 35 | 0 | 1000 | ३४,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

फाईनल अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर १८ गते (4th Dec. 2022) मा हुनेछ ।

कम्पनी : MOHAMED HAMAD HAMMAM AND PARTNERS COMPANY

पूर्व स्वीकृति मिति २०७९/०८/०६ | LT. No. 276238 | चलानी नं. ६०१९१६८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver Heavy Equipment | 2 | 0 | 1900 | ६५,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Forklift Driver | 5 | 0 | 1400 | ४८,६१५ | | | | | | | |

प्रि- अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर १४ गते (30th Nov. 2022) मा हुनेछ ।

फाईनल अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर १८ गते (4th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्योहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्योहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले  सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने : १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Reliance Recruitment Services Pvt. Ltd.**
श्रम ईजाजत नं. ९७१/०६७/०६८
Maharajgunj, Chakrapath, Kathmandu,Nepal. Tel: +977-1-4419528 / 4419763
Email:mofa@relianceservice.com.np, Website: www.relianceservice.com.np

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : ELICO ENGINEERING SDN BHD

पूर्व स्वीकृति मिति : २०७९/०८/०६ | LT. No. 276118 | चलानी नं. ६०१९१७१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 10 | 0 | 1500 | ४२,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : KISWEL SDN BHD

पूर्व स्वीकृति मिति : २०७९/०८/०६ | LT. No. 276117 | चलानी नं. ६०१९१७१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 15 | 0 | 1500 | ४२,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : SIRI BELUKAR PACKAGING SND BHD

पूर्व स्वीकृति मिति : २०७९/०८/०६ | LT. No. 276115 | चलानी नं. ६०१९१७०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 20 | 0 | 1500 | ४२,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : Q-Q FOOD INDUSTRY SDN BHD

पूर्व स्वीकृति मिति : २०७९/०८/०६ | LT. No. 276116 | चलानी नं. ६०१९१७०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 5 | 0 | 1500 | ४२,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : OPTOSEM TECHNOLOGIES SB

पूर्व स्वीकृति मिति : २०७९/०३/११ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/०८/०६ | LT. No. 271619 | चलानी नं. ६०१८७४७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 15 | 0 | 1500 | ४२,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : STAR HILL HOTEL SDN BHD

पूर्व स्वीकृति मिति : २०७९/०६/०६ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/०८/०६ | LT. No. 272518 | चलानी नं. ६०१८८१९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Housekeeping Staff | 5 | 0 | 1500 | ४२,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : PEMBINAAN YENG TONG SDN BHD

पूर्व स्वीकृति मिति : २०७९/०२/०९ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/०८/०६ | LT. No. 263231 | चलानी नं. ६०१७९५३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Consruction Labour | 20 | 0 | 1500 | ४२,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर १४ गते (30th Nov. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Mass Human Resource Pvt. Ltd.**
Govt. License 938/067/068
Samakhusi, Ktm, Nepal, TEL: + 977-1-4983080, 4983088, 4955765

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : JAMRAH AUTOMATIC BAKERS.

पूर्व स्वीकृति मिति: २०७९/०८/०६ | LT. No.276204 | चलानी नं. ६०१९१६५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Baker | 1 | 0 | 1200 | ४१,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Packaging And Wrapping Worker | 2 | 0 | 1000 | ३४,७२५ | | | | | | | |

कम्पनी : FOOD TIME COMPANY LIMITED is a one person company

पूर्व स्वीकृति मिति: २०७९/०८/०६ | LT. No.276203 | चलानी नं. ६०१९१६४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Utensil Cleaning Worker | 2 | 0 | 1000 | ३४,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Worker | 2 | 0 | 1000 | ३४,७२५ | | | | | | | |
| 3 | Waiter | 1 | 0 | 1200 | ४१,६७० | | | | | | | |

कम्पनी : ABDAL HUMAN RESOURCE COMPANY, a closed joint stock company

पूर्व स्वीकृति मिति: २०७९/०१/०४ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/०८/०६ | LT. No.261315 | चलानी नं. ६०१८४६८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Worker | 70 | 0 | 1000 | ३४,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर १४ गते (30th Nov. 2022) मा हुनेछ ।

